नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान (नास्ट)

# विज्ञान तथा प्रविधि सम्बन्धी पुरस्कारहरुका लागि आवेदन/मनोनयन सम्बन्धी जरुरी सूचना

गोरखापत्रमा प्रकाशित २०७६ । ५ । १६

यस प्रज्ञा प्रतिष्ठानद्धारा २०७६ सालमा प्रदान गरिने निम्नानुसारका पुरस्कारहरुको लागि सम्बन्धित व्यक्ति वा संस्थाबाट आवेदन/मनोनयन दिन आव्हान गरिएको छ ।

१. **विज्ञान तथा प्रविधि प्रज्ञा पुरस्कार**
प्रत्येक दुई/दुई वर्षमा प्रदान गरिने यो पुरस्कार विज्ञान तथा प्रविधिको क्षेत्रमा उत्कृष्ट मौलिक योगदान पुऱ्याएका एक जना नेपाली वैज्ञानिक वा प्राविधिज्ञलाई प्रदान गरिनेछ ।

२. **कुलपति राष्ट्रिय नव-प्रवर्तन पुरस्कार**
यस वर्ष स्थापित रु.२ लाख राशीको यो पुरस्कार नव-प्रवर्तनको क्षेत्रमा उत्कृष्ट योगदान पुऱ्याएका एक जना नेपाली वैज्ञानिक, प्राविधिज्ञ वा संस्थालाई प्रदान गरिनेछ ।

३. **विज्ञान पुरस्कार**
प्रत्येक वर्ष एक जनालाई प्रदान गरिने यो पुरस्कार विज्ञानको क्षेत्रमा उत्कृष्ट मौलिक योगदान पुऱ्याएका व्यक्तिलाई प्रकाशित कृति वा अनुसन्धान वा आविष्कार कार्यको मूल्याङ्कनको आधारमा प्रदान गरिनेछ । उम्मेदवारको उमेरको हकमा दरखास्त दिने अन्तिम मितिसम्म ४० वर्ष नाघेको हुनु पर्नेछ ।

४. **प्रविधि पुरस्कार**
प्रत्येक वर्ष एक जनालाई प्रदान गरिने यो पुरस्कार प्रविधिको क्षेत्रमा उल्लेखनीय कार्य गरेका प्रतिभाशाली व्यक्तिलाई प्रकाशित कृति वा अनुसन्धान वा आविष्कारको मूल्याङ्कनको आधारमा प्रदान गरिनेछ । उम्मेदवारको उमेरको हकमा दरखास्त दिने अन्तिम मितिसम्म ४० वर्ष नाघेको हुनु पर्नेछ ।

५. **विज्ञान तथा प्रविधि युवा पुरस्कार**
प्रत्येक वर्ष प्रदान गरिने यो पुरस्कार विज्ञान तथा प्रविधिको क्षेत्रमा उल्लेखनीय कार्य गरी योगदान पुऱ्याएका ४० वर्ष उमेर ननाघेका पाँच जना प्रतिभाशाली नेपाली युवाहरुलाई प्रदान गरिनेछ ।

६. **महिला विज्ञान तथा प्रविधि पुरस्कार**
यस वर्ष स्थापित रु. ७५ हजार राशीको यो पुरस्कार विज्ञान तथा प्रविधिको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएका एक जना नेपाली महिला वैज्ञानिक एवं प्राविधिज्ञलाई प्रदान गरिनेछ ।

७. **प्रज्ञा-प्रतिष्ठान विज्ञान तथा प्रविधि प्रवर्द्धन पुरस्कार**
प्रत्येक वर्ष प्रदान गरिने यो पुरस्कार विज्ञान तथा प्रविधिको प्रवर्द्धन र प्रयोगको लागि विभिन्न माध्यमद्वारा समाजमा चेतना जगाई देश विकासमा टेवा दिने वा कुनै समसामयिक समस्यालाई

सफलतापूर्वक समाधान गर्ने कार्यमा उत्कृष्ट योगदान दिएका दुई जना नेपाली व्यक्ति वा संस्थालाई यो पुरस्कार प्रदान गरिनेछ।

८. **विज्ञान तथा प्रविधि पत्रकारिता पुरस्कार**

प्रत्येक वर्ष एक जनालाई प्रदाने यो पुरस्कार विज्ञान तथा प्रविधिका उपलब्धि, उपयोगिता र सूचनाहरू सरलीकृतरुपमा गत एक वर्षमा छपाई तथा विद्युतीय माध्यममार्फत जनसाधारणसम्म पुग्ने गरी विज्ञान तथा प्रविधि सम्बन्धी आलेख, जानकारी एवं समाचार प्रकाशन गरी योगदान पुर्‍याएका सञ्चारकर्मीलाई प्रदान गरिनेछ।

९. **विज्ञान शिक्षक पुरस्कार**

यस वर्ष स्थापित रु. ७५ हजार राशीको यो पुरस्कार विज्ञान प्रविधि विषयमा प्लस-टु सम्म अध्यापन गर्ने १ जना विज्ञान शिक्षकलाई नीजले विज्ञान शिक्षाको विकासमा पुऱ्याएको योगदानको आधारमा प्रदान गरिनेछ।

१०. **उत्कृष्ट विद्यार्थी पुरस्कार**

यस वर्ष स्थापित रु. २५ हजार राशीको यो पुरस्कार विज्ञान तथा प्रविधिको विधा अन्तर्गत प्लस-टु तहमा सर्वोत्कृष्ट अंक ल्याउन सफल एक छात्र र एक छात्रालाई प्रदान गरिनेछ।

११. **मोहनध्वज बस्नेत प्रविधि प्रज्ञा पुरस्कार**

प्रत्येक दुई/दुई वर्षमा प्रदान गरिने यो पुरस्कार इन्धन, ऊर्जा, शक्तिको सञ्चय, उपयोग, विकास जस्ता विषयहरुमा कुनै सफल अनुसन्धानकर्ता वा ठूलो योगदान दिने एक जना व्यक्ति वा संस्थालाई प्रदान गरिनेछ।

१२. **भुवनेश्वर प्रविधि पुरस्कार**

प्रत्येक दुई/दुई वर्षमा प्रदान गरिने यो पुरस्कार निर्माण कार्यमा किफायत हुने प्रविधि विकास गर्ने अथवा यस्तो प्रविधि कार्यक्षेत्रमा प्रयोग गर्न योगदान दिने एक जना व्यक्ति वा संस्थालाई यो पुरस्कार प्रदान गरिने छ।

१३. **जीत बहादुर नकर्मी धातु प्रविधि पुरस्कार**

प्रत्येक दुई/दुई वर्षमा प्रदान गरिने यो पुरस्कार धातु सम्बन्धी निर्माण कार्यमा यन्त्रहरु, धातुबाट बनेका उपकरणहरु आफैं बनाउन प्रविधि विकास गर्ने वा त्यस्तो प्रविधि कार्यक्षेत्रमा प्रयोग गर्नमा योगदान दिने एक जना व्यक्ति वा संस्थालाई प्रदान गरिनेछ।

१४. **दयानन्द बज्राचार्य अनुसन्धान पुरस्कार**

प्रत्येक वर्ष प्रदान गरिने यो पुरस्कार वातावरण विज्ञान, वनस्पतिशास्त्र, सूक्ष्मजीव विज्ञान, प्राणीशास्त्र, जैविक विविधता र जैविक प्रविधि विषयमा स्नातकोत्तर तहमा उत्कृष्ट शोधकार्य गरेका एक छात्र र एक छात्रा गरी दुई जनालाई अनुसन्धानात्मक शोधपत्र (Thesis) र प्रकाशित कृतिको मूल्याङ्कनको आधारमा प्रदान गरिने छ।

१५. **नबिल विज्ञान तथा प्रविधि पुरस्कार**

प्रत्येक वर्ष ४ जना वैज्ञानिक, प्राविधिज्ञ वा संस्थालाई प्रदान गरिने यो पुरस्कार विज्ञान तथा प्रविधिको क्षेत्रमा उत्कृष्ट योगदान पुऱ्याएका वा विज्ञान र प्रविधिको प्रवर्द्धन र प्रयोगका लागि विभिन्न माध्यमद्वारा चेतना जगाई देश विकासमा टेवा दिने वा कुनै समसामयिक समस्यालाई सफलतापूर्वक समाधान गर्ने कार्यमा योगदान दिएकालाई प्रदान गरिनेछ।

**१६. फणीन्द्रप्रसाद न्यौपाने अनुसन्धान पुरस्कार**

यही वर्ष स्थापित प्रत्येक वर्ष प्रदान गरिने ५० हजार राशीको यो पुरस्कार नेपाली विश्वविद्यालयबाट कृषि विज्ञान अन्तर्गत वनस्पति विज्ञानसित सम्बन्धित (Plant Science Related) विषयहरुका एक उत्कृष्ट शोधपत्र (Thesis) लाई मूल्याङ्कनको आधारमा प्रदान गरिनेछ ।

**आवेदन फारामको साथ संलग्न हुनुपर्ने कागजातहरु**

नागरिकता र शैक्षिक योग्यताका प्रमाण-पत्रहरुको प्रमाणित प्रतिलिपि, प्रकाशित कृति वा आविष्कारहरुको विवरण, आफ्नो क्षेत्रमा पुऱ्याएको योगदान र मूल्याङ्कनमा सघाउ पुऱ्याउन सक्ने स्पष्ट उल्लेख व्यक्तिगत विवरण र अनुसन्धान कृतिहरुको एकप्रति आवेदन साथ पठाउनु पर्नेछ ।

**आवेदन फारामको साथ संलग्न गर्नु पर्ने कागजातहरु**

नागरिकता र शैक्षिक योग्यताका प्रमाण-पत्रहरुको प्रमाणित प्रतिलिपि, प्रकाशित कृति वा आविष्कारहरुको विवरण, आफ्नो क्षेत्रमा पुऱ्याएको योगदान र मूल्याङ्कनमा सघाउ पुऱ्याउन सक्ने स्पष्ट उल्लेख व्यक्तिगत विवरण र अनुसन्धान कृतिहरुको एक प्रति ।

**मनोनयन सिफारिस प्रक्रिया**

निम्न व्यक्तिहरु मध्ये कुनै एक व्यक्तिले एक व्यक्तिका लागि मात्र एक पुरस्कारका लागि मनोनयन/सिफारिस गर्न सकिनेछ ।

नेपाल सरकारको विज्ञान तथा प्रविधि सम्बन्धी विभागहरुमा कार्यरत वा त्यसबाट निवृत्तिभरण पाइसकेका “प्रथम” श्रेणीका कर्मचारी र विश्वविद्यालयमा कार्यरत प्राध्यापक वा निवृत्तिभरण पाइसकेका सम्बन्धित विषयहरुका प्राध्यापकहरु ।

आवेदन/मनोनयन फाराम र विस्तृत जानकारीको लागि प्रतिष्ठानको वेवसाइट www.nast.gov.np हेर्नु हुन अनुरोध छ । **आवेदन/मनोनयन दिने अन्तिम मिति २०७६ आश्विन मसान्तसम्म रहेको छ** । रीत नपुगी आएको आवेदन/मनोनयन उपर कुनै कारवाही गरिने छैन । फोनः ०१-५५४७७१७